# दुई डिग्री तापक्रम बढ्दा ५ प्रतिशत जीडीपी ह्रास

**कारोबार संवाददाता**

कोलम्बो (श्रीलंका), १८ जेठ

पछिल्लो दुई दशकयता दक्षिण एसियाको आर्थिक वृद्धिदर कम हुँदै जानुमा जलवायु परिवर्तनको असर मुख्य रहेको यस क्षेत्रका विज्ञहरूले बताएका छन्।

जलवायु परिवर्तनले कृषिको उत्पादकत्व घट्दा आर्थिक वृद्धिदर प्रभावित हुँदै गएको हो। दक्षिण एसियामा ६० प्रतिशत रोजगारी कृषि क्षेत्रमा निर्भर छ। यो क्षेत्रको कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान सरदर २२ प्रतिशत छ।

बिहीबार यहाँ सुरु भएको व्यापार, जलवायु परिवर्तन र खाद्य सुरक्षाका उदाउँदा चुनौती र आगामी कार्यदिशा विषयक दक्षिण एसियाली कार्यशालामा इन्स्टिच्युट अफ पोलिसी स्टडिज, श्रीलंकाका कार्यकारी निर्देशक समन कलेगामाले जलवायु परिवर्तन विश्वकै लागि चुनौती बनेको बताए। "समुद्री सतहमा वृद्धि, हिमाली सतह पग्लिनु, वर्षातको ढाँचामा आएको परिवर्तन र तापमान वृद्धिले कृषि उत्पादकत्वमा प्रत्यक्ष प्रभाव परेको छ," उनले भने, "यो क्षेत्रको भौगोलिक विविधता विश्वकै तुलनामा बढी खतरायुक्त बन्दै छ।"

विश्व बैंकको एक तथ्यांकअनुसार दुई डिग्री तापक्रम वृद्धिले कुल गार्हस्थ उत्पादनमा ५ प्रतिशत कमी आउने उल्लेख गरेको छ। उत्पादकत्वमा आएको कमीले खाद्यान्नको मूल्यवृद्धि, बजारीकरण र सुरक्षणमा समेत असर पर्ने कलेगामाले बताए।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भारोनमेन्ट (साउती) का अध्यक्ष पोषराज पाण्डेले जलवायु परिवर्तनले खाद्यान्न उत्पादन र व्यापारमा पर्ने प्रभाव कम गर्न राष्ट्रिय नीतिहरूलाई अन्तर्राष्ट्रिय प्रतिबद्धता र अवधारणासँग एकीकृत गर्नुपर्ने बताए।

"समग्र अर्थतन्त्रको परिप्रक्ष्यमा यो चुनौतीलाई अन्तरआबद्धता गर्नु आवश्यक छ," उनले भने। व्यापार, कृषि उत्पादन र जलवायु परिवर्तनका क्षेत्रमा विश्वव्यापी तथा क्षेत्रीय तहमा काम गरिरहेका संस्था र सरकारको संयुक्त प्रयासले मात्रै आउँदो चुनौती कमगर्न सकिने उनले बताए।

१.५ डिग्री तापक्रम बढ्दा भारतमा धानको उत्पादन ३ देखि १५ प्रतिशतले घट्ने अध्ययनले देखाएको छ। यो शताब्दीको मध्यमा दक्षिण एसियामा ३० प्रतिशतले खाद्यबालीको उत्पादन घट्ने देखिएको छ।

त्यसमध्ये धानको उत्पादन २३ प्रतिशत, गहुँ ५७ प्रतिशत र मकैमा ३६ प्रतिशतले कमी आउने अनुमान क्लाइमेट एक्सन नेटवर्क साउथ एसिया (कान्सा) का निर्देशक सञ्जय वशिष्ठको अनुमान छ।

जलवायु परिवर्तनका कारण १९९० देखि २००८ को बीचमा यो क्षेत्रमा सात करोड ५० लाख मानिस प्रभावित भएका छन्। जलवायु परिवर्तनका असर कम सबै मुलुक र विभिन्न संघसंस्थाले फरक-फरक ढंगले काम गरे पनि एकीकृत रणनीति नहुँदा यसको प्रभाव कम हुँदै गएकामा सहभागीले जोड दिएका थिए।